# केदारस्यूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गाउँ कार्यपालिकाको कार्यालय, केदारस्यूँ गाउँपालिका, देउरा, बझाङ, सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०७९।०८०(शिक्षा)
चलानी नं. :

देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


मिति : २०७९/१२/२८

**विषय : शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानठिमी, भक्तपुरको च.नं. ४१९ मिति २०७९।१२।२६ गतेको प्राप्त पत्रानुसार **"समयमै भर्ना, समयमै ज्ञान : गुणस्तरीय शिक्षा, सबैको अभियान"** भन्ने आदर्श वाक्यका साथ शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना गर्ने निर्णय भएको हुँदा विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक अधिकार सारभूत रुपमा कार्यान्वयन गर्न यस स्थानीय तह अन्तरगतका सामुदायिक तथा संस्थागत विद्यालयहरुले तपसिल बमोजिम गर्न गराउन हुन यो सूचना प्रकाशन गरिएको छ ।

२०७९/१२/२८
केशवराज भट्ट
शिक्षा अधिकृत

**तपसिलः**

- विद्यालय व्यवस्थापन समितिको वैठकबाट निर्णय गराई कार्यतालिका सहित विद्यार्थी भर्ना कार्यक्रम २०८० बैशाख ०३ गतेदेखि ऐ १५ गते सम्म सञ्चालन गर्ने/गराउने ।
- भर्ना हुन आउने बालबालिकाहरुलाई तत्काल भर्ना गरि स्वागत गर्ने र नि:शुल्क पाठ्यपुस्तक उपलब्ध गराउने ।
- विद्यार्थी भर्नाको लागि आफ्नो सेवा क्षेत्र भित्र व्यापक प्रचार प्रसार र सूचना गर्ने । यसका लागि नजिकको एफ.एम. रेडियो, स्थानीय मेला पर्व, सामाजिक सञ्जाल आदिलाई माध्यमको रुपमा प्रयोग गर्ने ।
- कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवा क्षेत्र विद्यालय रहेका बालबालिकाको लगत संकलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवम् समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापमा परिचालन गर्ने ।
- विद्यार्थी भर्ना एवं अभिभावकत्व ग्रहण गरि भर्ना गर्नेहरुको हकमा सो को समेत अभिलेख व्यवस्थित रुपमा राख्ने र सो अभिलेख स्थानीय तहलाई सम्प्रेषण गर्ने ।
- एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।
- विद्यार्थी भर्ना अवधिभर विद्यार्थी भर्ना सँगै शैक्षिक तथ्याङ्कका सबै सूचकहरु समेटिने गरि एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली ( IEMIS) भर्ने/ भराउने तथा अद्यावधिक गर्ने कार्य गर्ने ।
- शैक्षिक सत्र २०७९ को विद्यार्थी नतिजा प्रकाशन गर्न बाँकी रहेका विद्यालयहरुले यथाशक्य छिटो नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।
- सबै विद्यालयहरुले शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सम्पन्न गरि सकेपछि २०८० बैशाख १७ गतेबाट नियमित रुपमा कक्षा सञ्चालन तथा पठनपाठनको व्यवस्था मिलाउने ।



CamScanner